# उपभोक्ता नजागे

# महँगी रोकिन्न

पेट्रोलियममा उच्च मूल्यवृद्धि, बढ्दो रेमिट्यान्स आय, कृषि उपजमा बिचौलिया हाबी हुनु र यातायातमा सिन्डिकेट प्रणाली नै मूल्य बढाउने मुख्य माध्यम हुन्। मूल्यवृद्धि कम गर्न हामीले पेट्रोलियमको विकल्प खोज्नैपर्छ।



चन्दन सापकोटा, रिसर्चर

**महँगीले आकाशै छुन लाग्दा पनि उपभोक्ता मौन छन्। किन होला उपभोक्ता जागरुक नभएको ?**

हामीकहाँ महँगी बढिरहेको छ। राष्ट्र बैंकको तथ्यांकमा सात प्रतिशत हाराहारीमा मात्र मूल्यवृद्धि देखाइए पनि व्यावहारिक रूपमा उपभोक्ताले चर्को महँगीको सामना गर्नु परिरहेको छ। उपभोक्ता मौन हुनुका पछाडि केही कारण छन्। पहिलो, उपभोक्ता सचेत छैनन्। उपभोक्तालाई आफ्नो अधिकार र संगठित हुने प्रक्रियाबारे जानकारी कम छ।

दोस्रो, वर्षेनी नेपाल भित्रिने रेमिट्यान्स ह्वात्तै बढेका कारण पनि उपभोक्ता जागरुक नभएका हुन्। विदेशमा रहेकाले दुःख गरेर पैसा पठाएकै छन्। यहाँ काम नगरीकन पनि टन्न पैसा खेलाउन पाइएको छ। यसका कारण मूल्य बढे पनि खासै असर महसुस गर्दैनन्, अधिकांश उपभोक्ता। कुल जनसंख्याको ६० प्रतिशतले रेमिट्यान्स उपयोग गर्न पाएका छन्। यसर्थ, उपभोक्तालाई उनीहरूका हकअधिकारका बारेमा जागरुक गराउनु जरुरी छ। उपभोक्ता शिक्षा पनि छैन्, हामीकहाँ। यसका कारण जति पिल्सिए पनि उपभोक्ता मौन छन्।

**उपभोक्तावादी संस्था पनि मूल्यवृद्धिप्रति खासै आवाज उठाउँदैनन् नि ?**

संख्यात्मक रूपमा दर्जनौं उपभोक्तावादी संघसंगठन स्थापित छन् तर उपभोक्ताको हितमा काम गर्ने संस्था फेला पार्न गाह्रो छ। उपभोक्तावादी संस्थाको काम राजनीति गर्ने, उपभोक्ताका नाउँमा आफ्नो दुहुनो सोझ्याउनेमा मात्र सीमित छ, अहिलेसम्म। वास्तविक रूपमा उपभोक्तावादी संगठनले आमउपभोक्ताको हितका पक्षमा कामै गरेका छैनन्।

**दैनिक उपभोग्य वस्तुको मूल्य ह्वात्तै बढ्नुको कारण ?**

मुख्य पक्ष भनेको राज्यले नियमकानुन कार्यान्वयन गर्न नसक्नु नै हो। बजारमा दैनिक अत्यावश्यकीय वस्तुको कृत्रिम अभाव खडा गरी चरम मूल्य बढाएर बिक्रीवितरण भइरहेको छ। तर, राज्य मूकदर्शक छ। सरकारले आवश्यक पर्दा बजार हस्तक्षेप गर्न सक्नुपर्छ। तर, हामीकहाँ, त्यसो हुन सकेको छैन। प्रायः हरेक क्षेत्रमा सिन्डिकेट र कार्टेलिङ चलिरहेको छ। यसका कारण वस्तुको मूल्य बढ्न जान्छ। पेट्रोलियम पदार्थको मूल्य चुलिँदा त्यसको चौतर्फी प्रभाव पर्ने नै भयो। सन् २००० मा ४० अर्ब रुपैयाँको पेट्रोलियम आयात भएकामा अहिले ९० अर्बको हाराहारीमा पुग्न लागिसक्यो। रेमिट्यान्स आय बढेकाले जतिसुकै मूल्य बढे पनि तिर्न पछि परेका छैनन्, उपभोक्ता। विगत १६ वर्षदेखि गाडीमा लगातार ट्याक्स बढाइएको छ तर खोइ त सवारीसाधन किन्ने क्रम घटेको ? यसर्थ, जबसम्म हामी रेमिट्यान्समा निर्भर रहन्छौं तबसम्म अवस्था यस्तै रहिरहन्छ।

**किसानले आफ्नो उत्पादन लागत पाउन सकेका छैनन् तर बजारमा भने महँगीले सीमा नाघ्न लागिसकेको छ नि ?**

हो, हामीले उपभोग गर्ने अधिकांश कृषिजन्य उत्पादनको बजार मूल्य अधिक चुलिएको छ। तर, त्यही वस्तुको मूल्य उत्पादन गर्ने किसानले भने पाउन सकेको छैन। यसको मुख्य कारण भनेको 'मिडिल म्यान' (बिचौलिया) प्रवृत्ति हावी हुनु हो। जबसम्म कामचाहिँ नगर्ने तर बीचमा भने नाफामात्र खाइरहने बिचौलियालाई निर्मूल पार्न सकिँदैन तबसम्म किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउनै सक्दैनन्। फेरि, बिचौलियाले खाने नाफा असीमित छ। मानौं, एउटा किसानले उत्पादन गरेको कुनै सामानको मूल्य १० रुपैयाँ पाउँछ भने बिचौलियाले ५० रुपैयाँ नाफा खाइदिन्छन्। तर, उनीहरूको काम र भूमिका भने केही पनि देखिँदैन। यसर्थ, जबसम्म किसानको बिक्रेतासम्मको सीधा पहुँच प्राप्त हुँदैन तबसम्म किसानले परिश्रमको उचित फल प्राप्त गर्नै सक्दैनन्। बिचौलियालाई सरकारले गैरकानुनी घोषित गरी प्रत्यक्ष रूपमा किसानको पहुँच बिक्रेतासम्म पुऱ्याउन आवश्यक छ। यसो भयो भने उत्पादक र उपभोक्ता दुवै पक्षले राहत पाउन सक्छन्। वालमार्टले त सीधै किसानसँग सम्पर्क गरेर उत्पादन खरिद गर्छ। भारतमा पनि यस्तो सुरुआत भइसकेको छ।

**महँगी नियन्त्रणका उपाय के हो त ?**

पेट्रोलियमको मूल्यवृद्धि, बढ्दो रेमिट्यान्स आय, कृषि उपजमा बिचौलिया हावी, सिन्डिकेट मूल्य बढाउने मुख्य माध्यम हुन्। यसर्थ, मूल्यवृद्धि कम गर्नका लागि हामीले पेट्रोलियमको विक ल्प खोज्नैपर्छ। पेट्रोलियमका विकल्प भनेको जलविद्युत् परियोजना सञ्चालन गर्नु नै हो। जति धेरै बिजुली उत्पादन गर्न सक्छौं, त्यति नै मात्रामा पेट्रोलियम पदार्थको खपत घटाउन सकिन्छ।

बायोग्यास, सोलार इनर्जीको विकास गर्नुपर्छ। इन्धन कम खपतका लागि फास्ट ट्र्याक निर्माण, सहरी क्षेत्रमा मेट्रो सञ्चालनलगायतका उपाय अपनाएर पनि महँगी घटाउन सकिन्छ। अर्को महत्त्वपूर्ण पक्ष भनेको हामीले कृषिमा व्यवसायीकरण गर्नैपर्छ। अहिले पनि ८५ प्रतिशत जनता गाउँमै बस्छन् अनि ७० प्रतिशत कृषिमै निर्भर छन्। यसर्थ, कृषिमा आधुनिकीकरण गर्न सकेमात्र ठूलो हिस्सालाई समृद्ध बनाउन सक्छौं।

**तर यति महत्त्वपूर्ण कृषि क्षेत्रलाई बेवास्ता गरिएको अवस्था छ ?**

हो, सन् १९९० को उदारीकरणपछि कृषि क्षेत्रमा दिँदै आएको अनुदान कटौती गरियो। यसबाट नेपाली किसान सबैभन्दा बढी मारमा परे। छिमेकी देशका कृषि उत्पादनसँग हाम्रो उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने भयो। किनभने सरकारले अनुदान हटाएपछि उत्पादन लागत बढ्न गयो। कृषिउपजको निर्यातमा ह्रास आउन थाल्यो। फेरि, ग्रामीण क्षेत्रमा काम गर्ने उमेरका व्यक्ति अधिकांश खाडी र मलेसियामा पुगेका छन्। उर्वर कृषिभूमि बाँझै राख्न बाध्य हुनु परेको अवस्था छ, अहिले। सरकारले कृषिमा अनुदान बढाउनुपर्छ। कृषिमा व्यावसायीकरण गर्न सके कामको खोजीमा बिदेसिने युवालाई यहीँ रोजगारी दिन सकिन्छ। हामीकहाँ कृषि उत्पादन हुन्छ तर यसलाई प्रोसेसिङ गर्न सकिएको छैन; जसका कारण प्रोसेसिङका लागि विदेश पुऱ्याइन्छ।

अनि, त्यही उपजले औद्योगिक उत्पादनको रूप धारण गर्छ, अनि हामी चर्को शुल्क तिरेर खपत गर्छौं। यसर्थ, एग्रो प्रोसेसतर्फ अघि बढ्न जरुरी छ। राज्यको नीति पनि कृषि उपजमा प्रोसेसिङ गरेर व्यवसायीकरण गर्नेतर्फ केन्द्रित हुनुपर्छ। जस्तो, नेदरल्यान्डलाई नै उदाहरणका रूपमा हेरौं न। यो विकसित मुलुकमा एग्रो प्रोसेसिङ गर्नेमा अग्रपंक्तिमा पर्छ। तर यहाँका कृषिमा पाँच प्रतिशत जतिमात्र जनता आबद्ध छन्। तर, प्रोसेसिङबाट अधिक फाइदा लिइरहेको छ। हामीले पश्मिनाको कच्चापदार्थ न्युजिल्यान्ड, तिब्बतलगायतका स्थानबाट आयात गरिरहेका छौं। गाउँघरमा भेडाच्यांग्राको व्यावसायिक पालन गर्न सके कच्चापदार्थ विदेशबाट आयात गर्नुपर्दैन।

—प्रस्तुति : नवराज ढकाल